दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक ३२२ | बुटवल | २०८२ मंसिर १६ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday December 02, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# बसन्तपुरको कामाख्या मन्दिर ‘वेडिङ डेस्टिनेसन’ बन्दै

**छिमेकी भारत उत्तर प्रदेशको २४ करोड जनसंख्याको केही प्रतिशतलाई मात्रै हरेक वर्ष बुटवल भित्राएर केवलकार यात्रा गराउन र यहाँका हिल स्टेशनलाई वेडिङ डेस्टिनेसन बनाउन सके रुपन्देहीको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने व्यवसायीहरु बताउँछन् ।**







लुम्बिनी संवाददाता


*बुटवल*

बुटवलसँग जोडिएको पाल्पाको बसन्तपुरस्थित कामाख्या धाम पर्यटकीय गन्तव्यसँगै पछिल्लो समय विवाह स्थल (वेडिङ डेस्टिनेसन)का रुपमा विकास हुन थालेको छ ।

आईएमई ग्रुपको नेतृत्वमा स्थानीय समेतको गरी डेढ अर्ब लगानीमा साढे दुई वर्षअघि लुम्बिनी प्रदेशमै पहिलोपटक लुम्बिनी केवलकार सञ्चालनमा आएको थियो ।

साढे दुई वर्षमा करिब चार लाख पर्यटक भित्रिएको कम्पनीले जनाएको छ । जसमा भारत उत्तर प्रदेशका विभिन्न शहरबाट केवलकार चढ्न र घुम्न आउनेको संख्या उल्लेख्य रहेको व्यवस्थापक प्रज्ज्वल घिमिरेले बताए ।

केवलकारको माथिल्लो स्टेशनमा प्रख्यात शक्तिपीठ कामाख्यादेवी मन्दिर र सय वर्षदेखि पुजाआजा हुँदै आएको दुर्गा मन्दिर पनि रहेकाले यो ठाउँलाई नेपाली र भारतीय नागरिकले घुम्न मात्र नभई विवाहस्थलको लागि पनि रोज्न थालेका हुन् ।

दुई दिनअघि मात्रै भारत उत्तर प्रदेशका विजय जैसवाल र चाँदनी जैसवाल आफन्तसहित बसन्तपुर आएर विवाह गरेका छन् ।

कामाख्या देवीको दर्शनले दाम्पत्य जीवन सफल हुने र सन्तान सुख प्राप्ति तथा मानव जीवनमा आइपर्ने संकट मोचन हुने हिन्दु धर्मावलम्बीहरुमा आस्था र विश्वास रहेको छ । यही विश्वासले कामाख्या मन्दिरमा विवाह गर्न आउनेको संख्या बढ्दै गएको मन्दिरका मूल पूजारी सुरेश पौडेलले बताए ।

‘विवाह हरेकको जीवनको एक अविस्मरणीय सुखद घटना भएकाले हामीले नयाँ डेस्टिनेसन रोजेका हौं,’ दुलाहा विजय जैसवालले भने-‘हाम्रो परिवार कामाख्यादेवीको भक्त भए पनि भारतको गुहावटी पुग्न धेरै टाढा भएकाले नेपालको कामाख्या धाममा विवाह गर्न आएका हौं ।’

समुन्द्री सतहभन्दा करिब एक हजार मिटर उचाइको बसन्तपुर डाँडा हरियालीयुक्त, साँच्चिकै मनमोहक, स्वच्छ र शान्त वातावरणको रहेकाले यहाँ आएर विवाह गर्न पाउँदा छुट्टै आनन्द आएको उनले बताए । उत्तर प्रदेशका नागरिकलाई बसन्तपुर जस्तो हरियालीयुक्त चुरे पहाडी क्षेत्र र केवलकारको यात्रा गर्न भारतमा धेरै टाढा जानुपर्ने भएकाले बुटवल हुँदै पाल्पा आउन धेरै सहज र कम खर्चिलो हुने विजयले खुलाए ।

‘अघिल्लो वर्षभन्दा यो आर्थिक वर्षमा यहा विवाह गर्न आउनेको संख्या बढेको छ, यो मंसिरमा मात्रै ५ जोडीको विवाह हुँदैछ,’ पूजारी पौडेलले भने-‘यो सिजनमा विवाह गर्ने पहिलो जोडी भारत उत्तरप्रदेशका हुन् ।’

भारत उत्तरप्रदेशको २४ करोड जनसंख्याको केही प्रतिशतलाई मात्रै हरेक वर्ष बुटवल भित्राएर केवलकार यात्रा गराउन र बसन्तपुर हिल स्टेशनलाई वेडिङ डेस्टिनेसन बनाउन सके रुपन्देहीको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरि अर्याल बताउँछन् ।

‘बुटवलसँग जोडिएका हिल स्टेशनहरु बसन्तपुर, नुवाकोट र हिलपार्कमा भारतीय पर्यटक भित्राउन सम्बन्धित सरकारी निकायले यहाँका केवलकार सञ्चालक र निजी क्षेत्रसँग सहकार्य गर्नुपर्छ,’ अर्याल भन्छन्-‘जेनजी आन्दोलनपछि शिथिल भएको अर्थतन्त्रलाई पुरानै लयमा फर्काउने सजिलो माध्यम पर्यटन क्षेत्र नै हो ।’

बुटवल-३ बमघाटमा तल्लो स्टेशन र पाल्पाको तिनाउ गाउँपालिका ३ बसन्तपुरमा माथिल्लो स्टेशन रहेको केवलकारले बुटवल र पाल्पा बसन्तपुरलाई जोडेको छ । बुटवलस्थित तल्लो स्टेशनबाट करिब ३ किलोमिटर दुरीमा रहेको माथिल्लो स्टेशनमा १२ मिनेटमै पुगिन्छ । सञ्चालनमा आएको दुई वर्षमा साढे तीन लाख बढी पर्यटकले केवलकार यात्रा गरेका कम्पनीले जनाएको छ । कूल पर्यटकमध्ये भारतीय पर्यटकको संख्या अघिल्लो वर्षको तुलनामा तेब्बरले वृद्धि भएको छ ।

आर्थिक वर्ष २०८०-८१ मा ८ प्रतिशत भारतीय आएकामा चालु आर्थिक वर्षमा बढेर २१ प्रतिशत पुगेको केवलकारका अपरेसन म्यानेजर डिएन कायस्थ सैंजूले जानकारी दिए । साढे दुई वर्षमा झण्डै एक लाख भारतीय पर्यटक आएको कम्पनीले जनाएको छ । तेस्रो मुलुकका पर्यटक संख्या भने एक प्रतिशतभन्दा कम छ ।


» बाँकी ३ पेजमा


## दैनिक लुम्बिनी राष्ट्रिय ‘क’ वर्गमा सूचीकृत

बुटवल । प्रेस काउन्सिल नेपालले आर्थिक वर्ष ०७९/०८० को पत्रपत्रिका वर्गीकरण मूल्याङ्कनको नतिजा सोमबार सार्वजनिक गरेको छ । उक्त नतिजाअनुसार निजी क्षेत्रबाट निरन्तर प्रकाशित नेपालको पहिलो राष्ट्रिय दैनिक लुम्बिनी विगतमा जस्तै निरन्तर राष्ट्रिय ‘क’ वर्गमा सूचीकृत हुन सफल भएको छ ।

२०४५ सालदेखि प्रकाशन सुरु भई निरन्तर राष्ट्रिय ‘क’ वर्गमा सूचीकृत हुँदै आएको दैनिक लुम्बिनी नेपालकै पुरानो र प्रतिष्ठित राष्ट्रिय दैनिक हो ।

प्रेस काउन्सिल नेपालले प्रेस काउन्सिल ऐन, २०४८ को दफा १० बमोजिम गठित पत्रपत्रिका वितरण सम्परीक्षण समितिको वर्गीकरण मूल्याङ्कन प्रतिवेदनको आधारमा पत्रपत्रिका वर्गीकरण मूल्याङ्कनको प्रारम्भिक नतिजा सार्वजनिक गरेको हो ।

नतिजा उपर चित्त नबुझेको खण्डमा आधारप्रमाणसहित १५ दिनभित्र र दोब्बर दस्तुरमा थप ७ दिनको समयमा पुनरावलोकनको लागि निवेदन दिन सकिने प्रेस काउन्सिल नेपालका उप-प्रशासकीय अधिकृत राधेश्याम अधिकारीले जानकारी दिए । आर्थिक वर्ष ०७९/०८० को वर्गीकरण मूल्याङ्कनका लागि देशभरबाट ८९४ पत्रपत्रिकाले आवेदन दिएका थिए ।

## भूमि आयोग खारेज गर्ने सरकारको निर्णय सर्वोच्चद्वारा बदर

बुटवल । भूमि आयोग खारेज गर्ने सरकारको निर्णय सर्वोच्च अदालतले बदर गरिदिएको छ । सरकारको निर्णयविरुद्ध परेको रिटमा फैसला गर्दै सर्वोच्चले बदर गरेको हो ।

यसअघि सर्वोच्चले उक्त निर्णय यथास्थितिमा राख्न अन्तरिम आदेश दिएको थियो । मन्त्रिपरिषद्ले गत २३ असोजमा भूमि समस्या समाधान आयोग र त्यसका जिल्ला समिति खारेजीको निर्णय लिएको थियो ।

## कांग्रेस महाधिवेशन पुस २६ देखि २८ सम्म हुने

बुटवल । नेपाली कांग्रेसको सिंगो कार्यसमिति आगामी पुसमा नियमित महाधिवेशन गर्ने निर्णयमा पुगेको छ । सोमबार पार्टी सभापति शेरबहादुर देउवाले संस्थापन पक्षका असन्तुष्ट नेताहरूलाई पुसभित्रै महाधिवेशन गर्ने कार्यतालिका सर्वसम्मत पारित गर्न निर्देशन दिएका छन् ।

देउवाको निर्देशनअनुसार पुस २६ देखि २८ सम्म महाधिवेशन गर्ने कांग्रेसको सर्वसम्मत निर्णय भएको छ । यस्तै क्रियाशील सदस्यता नवीकरण र वितरणको सम्पूर्ण काम ५ पुसभित्र गरी सक्ने निर्णय भएको छ । २३ र २४ भदौको जेनजी आन्दोलनपछि महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माको नेतृत्वमा कांग्रेसभित्र २१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचनअघि नै नियमित महाधिवेशनको माग जोडसँग उठेको थियो ।

पार्टीको संस्थापन पक्ष त्यसमा सहमत नदेखिएपछि संस्थापन इतरपक्षले विशेष महाधिवेशनका लागि हस्ताक्षर संकलन गरेको थियो । १४औं महाधिवेशनका झन्डै ५५ प्रतिशत प्रतिनिधिले हस्ताक्षर गरी विशेष महाधिवेशन माग गरेको निवेदन असोज २८ मा केन्द्रीय कार्यालयमा दर्ता भएको थियो ।

कांग्रेस विधानमा कम्तीमा ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरी विशेष महाधिवेशन माग गरे तीन महिनाभित्र विशेष महाधिवेशन आयोजना गर्नु पर्ने व्यवस्था छ । त्यसकारण आगामी पुसको २८ गतेभित्र जसरी पनि विशेष महाधिवेशन गर्नैपर्ने दबाब कांग्रेसमा थियो ।

तर, विशेषमा जाँदा पार्टी विभाजन हुने जोखिम रहेको भन्दै कार्यबाहक सभापति खड्कालगायतले सहमतिको निरन्तर प्रयास गरिरहेका थिए । उपचार सकेर सिंगापुरबाट फर्किएपछि सभापति देउवाले नै असन्तुष्ट नेताहरूलाई बोलाएर पटकपटक छलफल गरी पुस अन्तिममा नियमित महाधिवेशनका लागि मनाएका हुन् ।

यस्तै नेपाली कांग्रेसको वर्तमान कार्यसमितिको म्याद दुई महिना थप गरिएको छ । पार्टी केन्द्रीय कार्यालय सानेपामा सोमबार बसेको केन्द्रित कार्यसमितिको बैठकले १४औं महाधिवेशनबाट निर्वाचित शेरबहादुर देउवा नेतृत्वको कार्यसमितिको म्याद दुई महिना थप गर्ने निर्णय गरेको हो । अब देउवा नेतृत्वको कार्यसमितिको म्याद आगामी माघ मसान्तसम्म रहनेछ । १४औं महाधिवेशन सम्पन्न भएको मितिले यही मंसिरबाट केन्द्रीय कार्यसमितिको म्याद सकिँदै थियो ।

कांग्रेसको विधानमा विशेष परिस्थितिमा एक वर्षसम्म म्याद थप्न सकिने प्रावधान छ । जेनजी आन्दोलनपछि विकसित राजनीतिक घटनाक्रमका कारण देउवाले वरिष्ठ उपसभापति पूर्णबहादुर खड्कालाई कार्यबाहक सभापतिको जिम्मेवारी दिएका छन् । सोमबारको बैठक पनि खड्काकै अध्यक्षतामा बसेको हो ।

## तोकिएकै मितिमा निर्वाचन गर्नुपर्छ : प्रचण्ड

बुटवल । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल प्रचण्डले सरकारले तोकिएकै मितिमा निर्वाचन गर्नुपर्नेमा जोड दिएका छन् ।

पार्टी एकतापछि नेकपाले सन्देशसभा आयोजना गरेर चुनावी वातावरण निर्माण गरिरहेको बताउँदै उनले २१ फागुनमै चुनाव हुनुपर्ने बताएका हुन् ।

‘सरकार गठनमा हाम्रो पनि भूमिका छ, सरकारले बुझोस् कुनै आग्रह पूर्वाग्रह नराखोस्, तोकिएकै मितिमा चुनाव हुनुपर्छ ।’- उनले भने । उनले आन्तरिम सरकारका मन्त्रीलाई दीर्घकालीन असर पर्ने काम नगर्न आग्रह समेत गरे । दीर्घकालीन काम गर्ने म्यान्डेट सरकारलाई नरहेको उनको भनाइ छ । उनले देशको वर्तमान समस्य समाधानका लागि लोकतान्त्रिक पार्टीलाई सहकार्यका लागि आग्रह गरेका छन् ।

नेपालको शान्ति प्रक्रियामा कम्युनिस्ट र लोकतान्त्रिक पार्टी मिलेर अघि बढाएको बताउँदै उनले जेनजी आन्दोलनपछिको परिस्थितिको निकासका लागि सहकार्य गर्नुपर्ने बताएका हुन् ।

## एमालेको नेतृत्व परिवर्तन हुँदैनः सूर्य थापा




भैरहवा । नेकपा एमालेका केन्द्रीय सदस्य तथा पोलिटब्युरो सदस्य सूर्य थापाले मिडियाले एमालेको नेतृत्वबाट केपी ओलीलाई आजै बिदा गर्ने जस्तो माहोल बनाएको देखिए पनि इच्छा पूरा नहुने बताएका छन् ।

प्रेस चौतारी नेपाल रुपन्देहीले भैरहवामा गरेको अन्तर्क्रिया कार्यक्रममा बोल्दै उनले मूलधारका मिडिया, सामाजिक सञ्जाल र मल्टीमिडियाका सबै आयामले एमालेको नेतृत्व केपी शर्मा ओलीलाई आजै बिदा गर्ने जस्तो महोल बनाए पनि त्यो इच्छा पूरा नहुने र पूरा हुन पनि नदिने बताए ।

‘एघारौं महाधिवेशनले ओलीकै नेतृत्वमा नेतृत्व निर्माण गर्छ । कुनै बदलनु पर्ने आवश्यकता छैन । एमालेलाई नचाहने र नरुचाउनेका लागि नेतृत्व परिवर्तन हुँदैन ।’-थापाले भने ।

उनले एमाले बलियो भएकाले फुटाएर हुन्छ कि, विवाद सृजना गरेर हुन्छ कि वा अन्तरध्वंस सृजना गरेर भए पनि नेतृत्वलाई बदनाम गरेर हुन्छ कि, प्रहार गरेर हुन्छ कि जसरी पनि एमालेलाई कमजोर बनाउने कोसिस देशभित्रका प्रतिक्रियावादी शक्ति र बाह्य शक्तिहरुले गर्दै आएका र अहिले व्यापक रुपमा बढेको थापाले आरोप लगाए ।

पार्टीभित्रको मौन प्रवृत्ति घातक हुने बताउँदै अधिकांश पार्टी पदाधिकारी र केन्द्रीय सदस्यको मौनता केका लागि भन्ने स्पष्ट नभएको बताए ।

बामदेव गौतम, माधव नेपाल-झलनाथ खनालको नेतृत्वमा एमाले फुटाइदा अशोक राईलाई चोइटाउँदा समेत एमाले कमजोर नभएको तर्क गर्दै उनले भिम रावलदेखि धेरै व्यक्ति बाहिरिंदा समेत एमाले कमजोर नहुने जिकिर गरे ।

उनले जेनजी उतारिंदा समेत एमाले कमजोर नभएको भन्दै अब केपी ओली विरोधी मोर्चा बन्दी गरेर पार्टी भित्रैबाट पराजित गर्न सकिन्छ भन्ने कोसिस चलिरहेको बताए ।


» बाँकी ३ पेजमा





# सम्पादकीय

## कांग्रेस महाधिवेशनको निर्णयले खोलेको ढोका

आगामी महाधिवेशनको मिति टुंगो लागेसँगै कांग्रेसको अन्यौल हटेको छ। महाधिवेशनको विषयलाई लिएर अनिर्णयको बन्दी बन्दा कांग्रेस पंक्तिमा निराशा छाएको थियो। एकमहिना लामो छलफल गर्दा पनि केन्द्रीय समितिले कुनै निकास निकाल्न नसकेपछि आन्तरिक विवाद उत्कर्षमा पुगेको थियो । महाधिवेशन आगामी चुनाव अघि कि चुनावपछि भन्ने विषय टुंगो नलाग्दा चर्केको आन्तरिक विवादलाई उपचारका लागि सिंगापुर पुगेका सभापति शेरबहादुर देउवाले चुनाव अघि नै महाधिवेशन गर्ने टुंगो लगाएर निकास दिएका छन्। चुनावअघि महाधिवेशन गर्न दुवै पक्षलाई सहमतिमा ल्याउन देउवा सफल भएका छन्।

महाधिवेशन चुनाव अघि गर्ने कि चुनावपछि भन्ने विषय उत्कर्षमा पुगेसँगै विशेष महाधिवेशनको माग गर्दै ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले माग गरेका थिए । यो पहलकदमीमा महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले साथ दिएपछि विवाद झनै पेचिलो बनेको थियो । त्यसपछि कांग्रेस विवाद विशेष महाधिवेशन कि नियमित भन्ने विषयमा प्रवेश गरेको थियो। कांग्रेसमा नियमित महाधिवेशनको निर्णयले विभाजनको जोखिम टरेको छ । कांग्रेस विभाजनको मुखमा पुगेको धेरैले आँकलन गरेका थिए। विशेष महाधिवेशन भए पार्टी विभाजन हुने भएकाले त्यसका लागि अग्रसर नहुन महामन्त्री गगन थापासहितलाई संस्थापन पक्षले आग्रह गरेको थियो । विषेश महाधिवेशनबाट पछि नहट्ने थापाको अडान र चुनावपछि महाधिवेशन गर्ने संस्थापनको अडानका सामु देउवाले मध्यमार्गी धारको कुरा सुनेर चुनाव अघि नै महाधिवेशन गर्ने निर्णय सर्वसम्मत गराएका छन्। कांग्रेस जीवनका लागि यो महत्वपूर्ण निर्णय हो। यो बेला राजनैतिक दलको आन्तरिक विवाद लोकतान्त्रिक विधिबाट किनारा लाग्न आवश्यक छ। आन्तरिक समस्याको सहज समाधानको बाटो निकाल्न सक्दा मुलुक लयमा जानसक्छ। कांग्रेसले आन्तरिक समस्याको समाधानका लागि जुन विधि अवलम्बन गरेको छ, यो कांग्रेस र मुलुकको हितमा छ।

मुलुकमा यतिखेर अन्यौल, द्विविधा र भयको वातावरण छ। यो बेला प्रमुख राजनैतिक दलले कमिकमजोरीको समीक्षा गरी मुलुकको निराशा र अन्यौललाई चिर्नुपर्ने अभिभारा छ। कांग्रेस पुरानो र लामो समय मुलुकको शासन प्रक्रियामा सहभागी लोकतान्त्रिक पार्टी भएकाले पनि उसको भूमिका अझै बढी छ। मुलुकको यो अवस्था आउनुमा प्रमुख राजनैतिक दलको भूमिका कुनै न कुनै रूपमा जिम्मेवार छ। नीतिको व्यवहारमा कार्यान्वियनमा कमजोरी, आचरणमा चुक हुँदा मुलुकमा अराजकता हावी भयो, राज्य संयन्त्रलाई खरानी बनाउने काम भयो । राजनैतिक दलले विगतको कमजोरीबाट पाठ सिक्दै मुलुकलाई खरानीबाट जुरुक्क उठाउन सक्नुपर्छ। मूलधारका राजनैतिक दल माझिएर उठ्न सक्दा मात्रै मुलुक लयमा जाने हो।

एमालेले मंसिर अन्तिम साता महाधिवेशन गर्न लागेको छ। एमाले पंक्ति देशभर परिचालन भएको छ। कांग्रेस पनि महाधिवेशनबाट आफूलाई पुनर्ताजगी गराउँदै छ। नेपाली कम्युनिष्ट पार्टी नयाँ ढंगले बौरिदै उठ्ने प्रयास गर्दै छ। अरु राजनैतिक दलले पनि आफूलाई नयाँ ढंगले उभ्याउने प्रयास गर्दै छन्। राजनैतिक दल बौरिदै उठ्न सक्दा मात्रै हो, मुलुकका हरेक समस्याको समाधानको बाटो निस्कने । मुलुकलाई अन्यौल र अराजकताबाट मुक्त गर्नका लागि राजनैतिक दल बलियो हुन आवश्यक छ। महाधिवेशनले विगतका कमजोरी केलाउने र निर्मम समीक्षा गरी अघि बढ्ने भएकाले मुलुकमा आशाको सञ्चार भएको छ।

# आखिर खास कुरा त निर्वाचन नै रहेछ



झपेन्द्र जिसी

*जनशासनका लागि आदर्शका फोस्रा कुरातिर होइन, ठोस कुरातिर लाग्नु पर्छ । जेलबाट निकालिएका र भगाएका बन्दीलाई लुटिएका हतियार राज्यको मातहत ल्याइनु वाञ्छनीय छ। दश वर्षे जनयुद्धलाई साम्य पार्न गरिएको विस्तृत शान्ति सम्झौता कार्यान्वयन गरिन जरुरी छ । त्यतिबेला लुटिएका हातहतियार पछिल्ला दिनमा राज्यले खोज्ने चासो देखाएन । द्वन्द्वकालमा हतियार बोकेर हिंडेका नागरिकहरु कहाँ छन् ? के गर्दैछन् ? अनि सेनामा समायोजित सेनाहरु के गर्दैछन्, लेखाजोखा हुनु वाञ्छनीय छ। नत्र खतरा छ।*

'आखिर श्रीकृष्ण रहेछ एक' भनेझैं जता उफ्रे पनि जसरी उफ्रे पनि कुरो उही निर्वाचनको रहेछ। र, सत्ता प्राप्तिको रहेछ। जतिसुकै पार्टीहरुको विरोध गरे पनि मान्छेहरु मारिए पनि मरे पनि दलहरु चाहिँदैन भने पनि आखिर करिब डेढ सय पार्टीहरु खुलेका छन्।

भन्थे, लेखिन्थे, क्रमशः युट्युब, सामाजिक सञ्जाल अनि रेडियो टेलिभिजनमा देशमा व्याप्त भ्रष्टाचार भयो।

च्याउ सरी भित्रिएका विदेशीहरुका यिनै माध्यमलाई सरकारले आफ्नो मिडिया दर्ता गर्न र आउ र चलाउ। कतिपयले राज्यका निकायमा गई दर्ता गरेर चलाउन थाले।

तर कतिपयले भने लामो समयदेखि अटेर गर्दै चलाइरहे। नेपाल सरकारलाई टेरेनन्।

यसरी राज्यको आग्रहलाई टेर बतास नलाएपछि राज्यले पनि २-४ दिन रोक लगायो।

दर्ता गर्न नआए पनि चलाउन त दिइन्छ भनेर राज्यले भन्दै थियो।

तत्कालीन ओली सरकारको नेतृत्वमा इतिहासदेखि त्यसै लुटिएको गुमनाम भएको लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको नक्सामा समेटिएको ओली सरकारको नेतृत्वमा निर्माण भएको र संसदबाट पारित गरी जारी गरिएको नेपालको नक्साबाट चिढिएको भारत सरकार भारतका लागि आफ्नो अनुकूलको सरकार नेपालमा निर्माण होस् भन्ने कुत्सित चाहना त छँदै थियो।

यही बेला उत्तरी छिमेकी देश चीनमा साम्राज्यवाद विरोधी जुलुससभामा नेपाल सरकारका प्रधानमन्त्रीले सहभागी हुने अवसर पाए।

उक्त सभा जुलुसमा रुसी राष्ट्रपति भलादमिर पुटिन, उत्तर कोरियाका राष्ट्रपति तथा चिनियाँ नेता सिजिङ पिङलगायत नेताहरुको हाराहारीमा उभिएर ओली प्रस्तुत भए।

यस अवसरमा पुटिनले नेपाली प्रधानमन्त्री तथा नेता ओलीसँग वान टु वान वार्ता गर्नुका साथै रुस भ्रमणको निमन्त्रणा दिए।

यी सबै गतिविधिले नेकपा एमाले नेता ओलीलाई अन्तर्राष्ट्रिय नेताको रुपमा स्थापित गरेकोमा अमेरिका तथा पश्चिमा शक्तिहरु दक्षिणी छिमेकी देश भारतको टाउको दुखाइ भयो।

राजा महेन्द्रको भाइ बसन्त विक्रम शाहका पार्टनर/ श्रीमती बारबरा फाउन्डेसनले त नेपाली राजनीतिमा खलबली मच्याउन बारबरा फाउन्डेसनले विभिन्न व्यक्ति र निकायलाई आर्थिक लगानी गरिरहेको सचेत नेपालीले बुझेकै कुरा हो।

प्रधानमन्त्री प्रचण्ड कालमा नेपाली नागरिकता समेत प्राप्त गरेकी बारबरा फाउन्डेसन लागि खुशीको कुरा हो । तर नेपाल र नेपालीका लागि दुर्भाग्य । तर यो कुरा आम नेपालीले बुझ्न र बुझाउन बाँकी नै छ।

सके नेपाललाई विलय गर्ने, नसके अस्तव्यस्त बनाउने कुत्सित उद्देश्यले सामाजिक सञ्जाललाई नियमन गर्न के रोक मात्र लगाएको थियो । कुत्सित चाहना बोकेकाहरु त्यही बेला निर्दोष जेनजीहरुले विद्रोहको स्वर र आन्दोलन गरेको त्यही बेला मौकामा चौका हान्दै अपराधी गिरोहहरु, हत्याराहरु प्रवेश भए । विचरा अवोध नानीबाबुहरु मारिए। उनीहरुको लाशमा टेकेर पुन २४ भाद्रमा प्रहरी चौकीदेखि लिएर सिंहदरबार, सर्वोच्च अदालत तथा ऐतिहासिक सयौं धरोधरहरु ध्वस्त बनाए।

टीओबी (टवेटियन जिन) लेखिएको बण्डी लगाएका लैठतहरु विध्वंशमा खुब सक्रिय भए । यी भनेका दलाई लामाका चेला चेपटा हुन् । तत्कालीन सरकार ढल्यो, सिंहदरबार जल्यो । ऐतिहासिक कागजपत्र, खरानी भए। परिणामः त्यही जगमा-संविधान ऐन कानूनलाई मारेर सुशीला कार्कीको नेतृत्वमा सरकार बन्यो । जेनजीका नामबाट लैठतहरुलाई उक्स्याउनेहरु मन्त्री र विभिन्न निकायका आयोग पदाधिकारी बन्ने अवसर पाए।

कस्तो मज्जा ! सामाजिक परिवर्तन र मुक्तिका लागि लडेका राजनीतिक कार्यकर्ताहरु हेरेकै हेर्‍यै भए । राजनीति गर्नु त बेकारै पो रहेछ भन्ने अवस्था सिर्जना हुँदैछ। आखिर कोही न कोही जनप्रतिनिधि बन्नु पर्छ र बनाउनुपर्छ । राजनीति गर्ने मान्छेले कुनै न कुनै दर्शन सिद्धान्तलाई अवलम्बन गर्नै पर्छ। गर्दैन भने उसले झन् केही गर्न सक्ने छैन । गन्तव्यहीन हुन्छ । वीपीवाद हरायो । पुष्पलालवाद हरायो । मनमोहनअधिकारीकोसादकीजिन्दगी बिर्सिए। गणेशमानको स्पष्टवादिता र निर्भिकता बिर्सिए । गान्धीवाद, मार्क्सवाद, लेनिनवाद, माओ विचारधारा पढ्नै नपर्ने, सिक्नै नपर्ने भयो। हाम्रा युवाहरु ? हाम्रा जेनजीहरु । अलिअलि नेता पनि बतुराए। एकले अर्कालाई भ्रष्टाचारी भनेर समय गुजारे । त्यही कुरा प्रौढले सुने, वस्यकले सुने, जेनजीले सुने । राजनीति गर्ने छिमेकी बाबुआमा, अंकल जति सबै केही नजान्ने ! सबै भ्रष्टाचारी !

यो असंवैधानिक सरकार, बाउ, आमा विनाको सरकारले फागुन २१ गते निर्वाचन गराउने भन्दैछ । एक सयभन्दा बढी धेरै दलहरु दर्ता भएको सुनिन्छ । अब त घरघरै च्याउ सरी दल हुने भए । स्वस्थ लोकतान्त्रिक प्रतिस्पर्धा भए त हुने थियो । अस्वस्थतातिर गयो भने त मुलुकलाई नै घाटा पर्नेछ। स्वस्थ्य प्रतिस्पर्धा लोकतन्त्रको सौन्दर्य हो भनिन्छ। तर सौन्दर्य नभई कुरुपता नहोला भन्न सकिन्न।

निर्वाचनका लागि शान्ति सुरक्षाको सुनिश्चितता हुनु परम आवश्यक छ। कसरी सुनिश्चितता होला ? सिंहदरबार र प्रहरी चौकी बचाउन नसक्ने नेताहरुलाई सुरक्षा दिन नसक्ने सुरक्षाकर्मीले आम मतदातालाई कसरी सुरक्षा गर्ला ? तै पनि कामना गरौं- शुभ होस्, सरकार सफल होस्, निष्पक्ष र धाँधलीरहित निर्वाचन होस् । जनताको मतको कदर होस्। जेनजी वा अन्य कुनैको नाममा निर्वाचनमा धाँधली नहोस्, व्यालेटबक्स र मतदाताको पूर्ण सुरक्षाको ग्यारेन्टी होस्! शुभकामना ‼

प्रश्न उठ्छ ! आखिर जनप्रतिनिधि चाहिँदोरहेछ। विद्यमान प्रतिनिधिसभा विघटन किन गरेको ? कसले गरेको हो ? बाटामा हिंड्दै गरेको बटुवालाई संसद विघटन गर भनेर वा बटुवा घाटे वैद्य वा घटारीले संसद विघटन गर्न पाउँछ कि पाउँदैन। यस्तो संवैधानिक अधिकार संसदले निर्वाचन गरेको प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले मात्र गर्न पाउँछ। तर हाम्रो देशमा अचम्मै भयो ! जसले जे गरे पनि।

जेहोस्, फागुन २१ गतेलाई प्रस्तावित निर्वाचन सफल होस्।

निकर्षः सुशासन र पारदर्शिता आम रुपमा अपेक्षित छ। राष्ट्रियता, राष्ट्रिय स्वाधीनता र जनशासनका लागि आदर्शका फोस्रा कुरातिर होइन ठोस कुरातिर लाग्नु पर्छ । जेलबाट निकालिएका र भगाएका बन्दीलाई लुटिएका हतियार राज्यको मातहत ल्याइनु वाञ्छनीय छ । दश वर्षे जनयुद्धलाई साम्य पार्न गरिएको विस्तृत शान्ति सम्झौता कार्यान्वयन गरिन जरुरी छ। त्यतिबेला लुटिएका हातहतियार पछिल्ला दिनमा राज्यले खोज्ने चासो देखाएन । द्वन्द्वकालमा हतियार बोकेर हिंडेका नागरिकहरु कहाँ छन् ? के गर्दैछन् ? अनि सेनामा समायोजित सेनाहरु के गर्दैछन्, लेखाजोखा हुनु वाञ्छनीय छ । नत्र खतरा छ।

# हेपाटाइटिस के हो, यसबाट कसरी जोगिन सकिन्छ ?

संसारका लाखौं मानिसले थाहै नपाई हेपाटाइटिस रोग बोकेर हिँडिराखेको ठानिएको छ । त्यसैले स्वास्थ्य निकाय र दातृसंस्थाहरूले धेरैभन्दा धेरै मानिसहरूलाई हेपाटाइटिसको परीक्षण गराउन भनेका छन्।

सधैं झैं यो वर्ष पनि २८ जुलाईमा विश्व हेपाटाइटिस दिवस मनाइएको छ । यस अवसरमा यो क्षेत्रमा काम गर्दै आएका संस्थाहरूको मूल सन्देश नै हेपाटाइटिसको परीक्षण गराऔं भन्ने थियो।

यो रोग बर्सेनि दश लाखभन्दा धेरै मानिसको मृत्युको कारक बन्दै आएको तथ्याङ्क छ। पछिल्ला वर्षहरूमा यो संख्या झन् बढ्दैछ।

**हेपाटाइटिस के हो र यो किन खतरनाक छ ?**

हेपाटाइटिस भनेको कलेजोमा समस्या हुनु हो। यो समस्या हुँदा कलेजो सुन्निन्छ। यो प्रायसः भाइरल सङ्क्रमणको कारक पनि हो।

यसले कलेजोको क्यान्सर गराउन सक्ने मात्रै होइन कलोजोले कामै गर्न नगर्ने अवस्था निम्त्याउन वा अन्य कलोजोसम्बन्धी रोग पनि पैदा गर्न सक्छ।

हेपाटाइटिस भाइरसलाई 'ए'देखि 'ई'सम्म पाँच प्रकारमा वर्गीकरण गरिएको छ। हेपाटाइटिस 'बी' र 'सी' सबैभन्दा क्षति पुऱ्याउन सक्ने प्रकृतिका मानिन्छन् । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ)को अनुमानमा यसबाट संसारभर प्रतिवर्ष १३ लाख मानिसको मृत्यु हुने गरेको छ। यसको अर्थ प्रत्येक ३० सेकेन्डमा एक जनाको मृत्यु हुन्छ भन्ने हो।

**हेपाटाइटिस कति फैलिएको छ ?**

डब्ल्यूएचओको अनुमानमा पच्चीस करोड चालीस लाख मानिस दीर्घकालीन हेपाटाइटिस 'बी' र पाँच करोड मानिस दीर्घकालीन हेपाटाइटिस 'सी'सहित बाँचिरहेका छन् । उसका अनुसार प्रत्येक वर्ष यो रोगका २० लाख नयाँ बिरामी थपिइराखेका छन्।

**हेपाटाइटिस 'बी'को असरबारे डब्ल्यूएचओ भन्छ :**

डब्ल्यूएचओको पश्चिम प्यासिफिक क्षेत्रअन्तर्गत चीन, जापान र अस्ट्रेलियामा मात्रै ९ करोड ७० लाख मानिस दीर्घकालीन रूपमा सङ्क्रमित छन्। अफ्रिकामा ६ करोड पचास लाख मानिस सङ्क्रमित छन् । डब्ल्यूएचओको दक्षिणपूर्वी एसिया क्षेत्र (भारत, थाइल्याण्ड र इन्डोनेसियासहितका) मा ६ करोड १० लाख मानिस सङ्क्रमित छन्।

डब्ल्यूएचओका अनुसार हेपाटाइटिस 'ई'बाट विश्वभर प्रत्येक वर्ष २ करोड मानिस सङ्क्रमित हुने गरेका छन् । सन् २०१५ मा एक वर्षको अवधिमा यो रोगबाट ४४ हजारजनाको मृत्यु भएको थियो। दक्षिण तथा पूर्वी एसियामा यो रोग धेरैलाई लागेको छ।

**तपाइँलाई कसरी हेपाटाइटिस हुन सक्छ ?**

हेपाटाइटिस 'ए' सामान्यतयाः दिसाले दूषित बनेको खानेकुरा वा पिउने पानीबाट सर्ने गर्छ। यो सङ्क्रमित व्यक्तिसँगको सिधा सम्पर्कबाट पनि सर्न सक्छ।

निम्न र मध्यम आययुक्त देशहरूमा सरसफाइको स्थिति राम्रो नहुने भएकाले त्यहाँ यो सामान्य हो।

हेपाटाइटिस 'ए'का लक्षणहरू छिटै हराउँछन् र प्रायशः सबैजसो मानिस यसबाट निको हुन्छन् । तै पनि यसले कलेजोलाई निस्क्रिय बनाएर बिरामीको ज्यानै लिन सक्छ।

दूषित पानी र खानेकुरा प्रयोग हुने ठाउँमा यसले महामारीको रूप लिन सक्छ। सन् १९९८ मा चीनको साङ्घाईमा हेपाटाइटिस 'ए'को महामारी फैलिँदा तीन लाख मानिस सङ्क्रमित भएका थिए।

**हेपाटाइटिस 'बी' सबैभन्दा धेरै सर्छ :**

जन्म वा प्रसवका क्रममा आमाबाट शिशुलाई सर्छ

बालबालिकाको आपसी सम्पर्कबाट सर्छ

दूषित सियो वा सुई प्रयोग गर्दा, ट्याटू बनाउँदा, शरीरका अङ्गहरू छेड्दा वा सङ्क्रमणयुक्त रगत वा शरीरबाट निस्कने तरल पदार्थ (जस्तै शारीरिक सम्पर्क) बाट पनि यो रोग सर्छ

हेपाटाइटिस 'सी' र 'डी' पनि सङ्क्रमणयुक्त रगत (जस्तै सङ्क्रमणयुक्त रगत चढाउँदा वा सुई प्रयोग गर्दा) बाट फैलिन सक्छ।

हेपाटाइटिस 'बी'को सङ्क्रमण भएको व्यक्तिमात्रै हेपटाइटिस 'डी'बाट सङ्क्रमित हुन सक्छन् । खासगरी हेपाटाइटिस 'बी'को दीर्घकालिन सङ्क्रमण भएका र गम्भीर सङ्क्रमण भएका लगभग पाँच प्रतिशत मानिसलाई यस्तो हुन्छ।

हेपाटाइटिस 'ई'ले पनि दूषित खानेकुरा वा पानीकै माध्यमबाट सङ्क्रमित तुल्याउँछ। दक्षिण र पूर्वी एसियामा अति सामान्य रहेको यसले विशेषगरी गर्भवति महिलालाई क्षति गर्न सक्छ।

**हेपाटाइटिस भएको कसरी थाहा पाउने ?**

डब्ल्यूएचओका अनुसार यसका लक्षणहरू यस्ता हुन्छन् :

ज्वरो

थकाइ लाग्ने

भोक नलाग्ने

पखाला लाग्ने

वाकवाकी लाग्ने

पेट वरपर दुख्ने

गाढा रङको पिसाब र पहेँलो दिसा आउने

जन्डिस देखा पर्ने (शरीर पहेँलो र आँखा सेतो हुने)

तथापि धेरैजसो मानिसहरूमा यसको सामान्य लक्षण मात्र देखिन्छ र कतिपयमा त्यो पनि देखिँदैन।

डब्ल्यूएचओको सन् २०२२ को ताजा तथ्याङ्कका अनुसार विश्वभरमा दीर्घकालीन हेपाटाइटस 'बी'बाट सङ्क्रमितमध्ये १३ प्रतिशत र हेपाटाइटिस 'सी'बाट सङ्क्रमितमध्ये ३६ प्रतिशतको मात्रै निदान भएको छ।

मुख्य खतरा भनेकै थाहै नपाइकन यसको सङ्क्रमण बढ्न सक्नु हो। त्यसैले डब्ल्यूएचओ र स्वास्थ्यसम्बन्धी दातृसंस्थाले धेरैभन्दा धरै मानिसहरूलाई हेपाटाइटिसको परीक्षण गराउन अनुरोध गरिराखेका हुन्।

**हेपाटाइटिसको परीक्षण र उपचार के के हुन् ?**

तपाईँ आफ्ना पारिवारिक चिकित्सक वा यौनस्वास्थ्य क्लिनिकमा गएर हेपाटाइटिस 'ए', 'बी' र 'सी'को जाँच गर्न सक्नु हुन्छ।

हेपाटाइटिस 'ए'को कुनै निश्चित उपचार छैन । तथापि अधिकांश मानिसहरू छिटै यसबाट निको हुने गर्छन् र प्रतिरोधात्मक क्षमताको विकास गरिहाल्छन्।

दीर्घकालीन हेपाटाइटिस 'बी' र हेपाटाइटिस 'सी' दुबैको एन्टिभाटइरल एजेन्टमार्फत् उपचार गर्न सकिन्छ । त्यसले सिरोसिसको गतिलाई सुस्त बनाइदिन्छ र कलेजोको क्यान्सर हुने जोखिमलाई पनि घटाइदिन्छ।

हेपाटाइटिस 'ए' र 'बी'बाट जोगिन खोपहरू उपलब्ध छन्। नवजात शिशुलाई हेपाटाइटिस 'बी'को खोप दिँदा यसले आमाबाट सरेर आउन सक्ने रोगबाट जोगाउँछ र हेपाटाइटिस 'डी'का निम्तिसमेत रक्षाकवचको काम गर्छ।

हेपाटाइटिस 'सी'को खोप छैन भने हेपाटाइटिस 'ई'को खोप हाल सबैतिर उपलब्ध छैन।

डब्ल्यूएचओका अनुसार हेपाटाइटिस 'ए' फैलिन नदिन निम्नानुसारको कार्य गर्न सकिन्छ :

खाना खानुअघि र शौचालयको प्रयोग गरेपछि राम्ररी हात धुनु पर्छ।

समुदायमा सुरक्षित पिउने पानीको पर्याप्त आपूर्ति हुनु पर्छ ।

ढलको उचित व्यवस्थापन हुनु पर्छ।

डब्ल्यूएचओका अनुसार हेपाटाइटिस 'बी', 'सी' र 'डी'बाट जोगिन यसो गर्न सकिन्छ :

सुरक्षित यौन सम्पर्क गर्न, कन्डोमको प्रयोग गर्ने र सकेसम्म थोरै व्यक्तिसँग शारीरिक सम्पर्क राख्ने।

औषधी लिँदा, ट्याटू वा पिअर्सिङ(छेड्ने कार्य) गर्दा अर्काले प्रयोग गरेको सुई वा सियो प्रयोग नगर्ने।

हेपाटाइटिस 'बी'को हकमा- रगत, शरीरबाट निस्कने तरल पदार्थ वा प्रदूषणयुक्त सतहको सम्पर्कमा आएको खण्डमा राम्ररी हात धुने हेपाटाइटिस 'बी'का हकमा- तपाईँ वयस्क र स्वास्थ्यकर्मी हुनुहुन्छ भने खोप लगाउने, किनकि जन्मको समयमा दिइने खोपको प्रभाव २० वर्षसम्म मात्रै रहन सक्छ

सरसफाइको राम्रो अभ्यास गरेर पनि हेपाटाइटिस 'ई' बाट जोगिन सकिन्छ। त्यस्तै जनावरका कलेजोलाई राम्ररी पकाएर मात्रै खाने गर्नुपर्छ। खासगरी बङ्गुरको कलेजो खाँदा पकाउनमा अधिक ध्यान दिनुपर्छ।

बीबीसीबाट

# नेप्से परिसूचकमा सामान्य अङ्कको गिरावट



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार सामान्य अङ्कको गिरावट देखिएको छ। नेप्से परिसूचक चार दशमलव २८ अङ्कले घटेर दुई हजार ६४५ दशमलव २४ को विन्दुमा कायम भएको हो।

३२५ कम्पनीको एक करोड आठ लाख ६० हजार ८२८ कित्ता शेयर ६० हजार ६२० पटक खरिदबिक्री हुँदा रु चार अर्ब ७१ करोड ६३ लाख ८३ हजार ५८० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ। आजको कारोबारमा विकास बैङ्क शून्य दशमलव २६, वित्त शून्य दशमलव ९१, जलविद्युत् शून्य दशमलव २२, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३० र लघुवित्त शून्य दशमलव ६१ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ।

बैङ्किङ शून्य दशमलव ६८, होटल तथा पर्यटन शून्य दशमलव ०४, लगानी शून्य दशमलव ७३, जीवन बिमा शून्य दशमलव ५१, म्युचुअल फन्ड शून्य दशमलव १७, व्यापार शून्य दशमलव १० र अन्य समूह शून्य दशमलव १८ प्रतिशतले घटेको छ।

कारोबारमा सागर डिस्टिलरी लिमिटेड, स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड र झापा इनर्जी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने निफ्रा ग्रिन इनर्जी डिबेञ्चरको शेयर मूल्य नौ दशमलव ५१ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको रु २७ करोड १० लाख तीन हजार १८० बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै सिद्धार्थ इक्विटी फन्डको सात लाख ६५ हजार कित्ता शेयर किनबेच भएको छ।

# बाँकेमा ११९ एचआइभी सङ्क्रमित फेला




नेपालगञ्ज। बाँकेमा एचआइभी सङ्क्रमितको संख्या ११९ पुगेको छ । जिल्ला स्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार आर्थिक वर्ष २०८१/८२ मा ८० र चालु आर्थिक वर्षमा ३९ जनामा एचआइभी सङ्क्रमित फेला परेको हो । जिल्ला स्वास्थ्य कार्यालयका एचआइभी 'फोकल पर्सन' रवीन्द्र शाहले साउनयता चार महिनामा मात्रै ३९ जनामा एचआइभी सङ्क्रमण पुष्टि भएको जानकारी दिए । तीमध्ये २७ पुरुष र १२ महिला रहेका छन् । सङ्क्रमितध्ये आठ जना ३९ वर्षमाथिका र १५ देखि ४९ वर्षसम्मका ३१ जना छन् ।

आर्थिक वर्ष २०८१/८२ मा फेला परेका एचआइभी सङ्क्रमित ८० जनामध्ये १५ देखि ४९ वर्षसम्मका ६६, ४९ वर्षमाथिका आठ र १५ वर्षमुनिका ६ जना रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

शाहले पछिल्लो समय जनचेतनामूलक कार्यक्रमलगायतका कारण एचआइभी सङ्क्रमितको संख्या घट्दो अवस्थामा रहेको जानकारी दिँदै बाँकेमा रहेका एचआइभी सङ्क्रमितहरुले भेरी अस्पताल, नेपालगञ्जबाट निःशुल्क औषधि पाइरहेको बताए ।

"बाँकेका विभिन्न स्थानमा रहेका स्वास्थ्य चौकीमा पनि एचआइभी परीक्षण हुन्छ, तर अन्तिममा भेरीमा परीक्षण गरेपछि मात्रै निष्कर्षमा पुगिन्छ ।" उनले भने ।

जिल्लामा आव २०८०/८१ मा १०१ जना एचआइभी सङ्क्रमित फेला परेका थिए । जिल्लामा १० हजार ७५९ जनामा परीक्षण गर्दा उक्त संख्यामा सङ्क्रमित फेला परेका थिए। त्यसअघिको आव २०७९/८० मा १०९ जनामा सङ्क्रमण देखिएको थियो । उक्त आवमा १७ हजार ३२८ जनामा परीक्षण गर्दा उक्त संख्यामा सङ्क्रमित फेला परेका थिए ।

फोकल पर्सन शाहले बाँकेमा आव २०८१/८२ मा ६१३ जना एचआइभी सङ्क्रमित भेरी अस्पतालमा 'एआरटी' उपचारमा रहेको बताए ।

त्यसैगरी पिएमटिसिटी कार्यक्रमअन्तर्गत २८ हजार २३४ जना गर्भवती आमाहरूलाई एचआइभी जाँच गर्दा नयाँ एचआइभी सङ्क्रमित नभेटिएको बताइएको छ । भेरी अस्पताल नेपालगञ्जमा गत आव २०८०/८१ मा सात जना एचआइभी सङ्क्रमित महिलाले स्वस्थ बच्चा जन्माएका थिए भने अघिल्लो आवमा पाँच जना सङ्क्रमितले स्वस्थ बच्चा जन्माएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

# विपद् जोखिम न्यूनीकरण रणनीति निर्माण कार्यशाला




तिलोत्तमा । शंकरनगर सामुदायिक वन उपभोक्ता समूह तिलोत्तमा १-४ रुपन्देहीले वन तथा कृषि सहज नेपाल(एफ एफ एफ) जलवायु अनुकुलन भूभाग र सुधारिएको जीविकोपार्जन परियोजनाअन्तर्गत एफ ए ओ (खाद्य तथा कृषि संगठन) को सहयोगमा कृषि वन नर्सरी व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन विपद् जोखिम न्यूनीकरण रणनीति निर्माणसम्बन्धी कार्यशाला गोष्ठी गरेको छ ।

विश्वभर खाद्य सुरक्षा सुनिश्चित गर्ने, भोकमरी अन्त्य गर्ने, कृषि उत्पादन बढाउने, ग्रामीण विकासलाई प्रोत्साहन दिने प्राकृतिक स्रोतहरूको दिगो उपयोग सुनिश्चित गर्ने मुख्य उद्देश्य रहेको संयुक्त राष्ट्रसंघअन्तर्गतको खाद्य तथा कृषि संगठनले शंकरनगर सामुदायिक वनमा कृषि वन नर्सरीका लागि आर्थिक सहयोग गरेको छ ।

समूहका कार्यसमिति र सल्लाहकारहरुलाई कृषि वन नर्सरीको ब्यवस्थापनको लागि संगठन संरचना, लाभाँस बाँडफाँट र नीति निर्माण तथा वनका उपभोक्ताहरुलाई जलवायु परिवर्तन अनुकूलन विपद् जोखिम न्यूनीकरण र रणनीति निर्माणसम्बन्धी कार्यशाला गोष्ठी गरिएको हो ।

कार्यक्रममा समूहका अध्यक्ष रवीन्द्र बस्नेतले २०६२ सालबाट सुरु भई २०६४ सालबाट व्यवसायिक कारोबार सुरु भएको कृषि वन नर्सरीलाई एफएओको सहयोगमा थप परिस्कृत गरी संस्थागत संरचना सुधारका लागि व्यवस्थापन संयन्त्र निर्माण गर्न लागिएको बताए। सामुदायिक वनले सञ्चालन गरेको कृषि वन नर्सरीमा विभिन्न प्रजातीका १३५ थरी बिरुवा रहेको र यसबाट हरियाली प्रवर्धनमा टेवा पुग्नुका साथै बिरुवा बिक्रीबाट भएको आम्दानीबाट संस्था सञ्चालनमा सहयोग पुगेको उनले बताए ।

समूहका कोषाध्यक्ष भुवन आचार्यले समूहको कृषि वन नर्सरीबाट अन्य व्यवसायिक नर्सरीहरुले भन्दा निकै सस्तो मूल्यमा विभिन्न प्रजातिका फलफूलका बिरुवा उपलब्ध गराउँदै आएको र वार्षिक करिव १५ देखि १६ लाखसम्म बिरुवा बिक्री वितरण हुने गरेको जानकारी गराए ।

कार्यक्रममा जलवायु परिवर्तनले वातावरण तथा स्थानीय बाली नालीमा पार्ने नकारात्मक प्रभावका विषयमा सहजीकरण गर्दै डिभिजन वन कार्यालय रुपन्देहीका वरिष्ठ वन अधिकृत हेमराज शाहीले आयातित बाली नालीभन्दा स्थानीय हावापानीसँग सजिलै घुलमिल हुने र सहजै उत्पादन गर्न सकिने बाली नालीको संरक्षण र उपयोग गर्नुपर्नेमा जोड दिए ।

अर्का सहजकर्ता कञ्चन गाउँपालिका तरकारी मूल्य श्रृंखला विकास परियोजना प्रमुख समिर ज्ञवालीले कृषि वन नर्सरीको दीगो पना र गुणस्तर वृद्धिका लागि नर्सरीको संस्थागत संरचना र व्यवस्थापन संयन्त्रमा परिवर्तन गरी नर्सरीबाट बढीभन्दा बढी मुनाफा आर्जन गर्नुपर्ने बताए ।

दातृ निकाय (एफएओ) कृषि वन सहज कार्यक्रमका संयोजक उमेश पौडेलले सामुदायिक वनले सञ्चालन गर्दै आइरहेको कृषि वन नर्सरीलाई कार्ययोजनामा समेटेर कृषि वन नर्सरीको सुदृढिकरण गर्दै दीगो वन व्यवस्थापनका लागि प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउँदै विभिन्न चरणमा तालिम तथा गोष्ठीहरु सञ्चालन गर्दै आएको जानकारी गराए ।

कृषि वन नर्सरीका सम्भावना, अवसर, चुनौती, सामुदायिक वनलाई दीर्घकालिन रुपमा हुने फाइदा बेफाइदाका विषयमा समूहगत छलफल समेत गरिएको थियो ।

कार्यक्रममा समूहका वरिष्ठ सल्लाहकार टेकबहादुर थापा, टिकानिधि गौतम, निवर्तमान अध्यक्ष राम गिरी, पूर्व अध्यक्ष उमानाथ कँडेल, संस्थापक अध्यक्ष केशवराज न्यौपाने, उपाध्यक्ष कमला ज्ञवाली, सचिव कालिका अधिकारी, पूर्व उपाध्यक्ष कृष्णबहादुर कुँवरलगायतले सामुदायिक वनले सञ्चालन गरेको कृषि वन नर्सरीलाई थप व्यवस्थित र बढी प्रतिफल लिने गरी विकास गर्नुपर्नेमा जोड दिए ।

५८४.६० हेक्टरमा फैलिएको शंकरनगर सामुदायिक वनले वन क्षेत्रलाई ११८.४२ हेक्टर रुख खण्ड, ३५५.९९ हेक्टर पोल खण्ड र ११०.१९ हेक्टरलाई वृक्षरोपण खण्डमा विभाजन गरी वनको विकास र सम्वर्द्धन गर्दै आइरहेको छ ।

सामुदायिक वनले यसका अलावा वनको विकास र सम्वर्द्धनका लागि सम्बन्धित सरोकारवालासँग गोष्ठि, नर्सरी तालिम, संस्थागत संरचना सुदृढिकरण, जलवायु परिवर्तन, आगलागि नियन्त्रण, दीगो वन व्यवस्थापनलगायतका कार्यक्रम समेत सञ्चालन गर्दै आइरहेको छ ।

# नोभेम्बरमा भित्रिए एक लाख १६ हजार पर्यटक



काठमाडौँ । सन् २०२५ को नोभेम्बरमा एक लाख १६ हजार ५५३ विदेशी पर्यटक नेपाल भित्रिएका छन् ।

नेपाल पर्यटन बोर्डले सोमबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार नोभेम्बरमा पर्यटक आगमन वृद्धि भएको देखाएको हो । जसमा नोभेम्बरमा मात्रै सबैभन्दा बढी भारतबाट १८ हजार ९९५ पर्यटक भित्रिएका छन् । त्यसैगरी क्रमशः संयुक्त राज्य अमेरिकाबाट ११ हजार २५४, चीनबाट सात हजार ८७१, बेलायतबाट सात हजार १८९, बङ्गलादेशबाट पाँच हजार ६५३, अष्ट्रेलियाबाट पाँच हजार ३९३, श्रीलङ्काबाट चार हजार ८३१, म्यानमारबाट चार हजार ४८४, फ्रान्सबाट चार हजार २११ र जर्मनीबाट चार हजार १३४ पर्यटक भित्रिएका हुन् ।

क्षेत्रगत रुपमा दक्षिण एसियाली मुलुकबाट ३० हजार ८७०, एसियाली अन्य मुलुकबाट २८ हजार ६१३, युरोपबाट पाँच हजार ८९१, अमेरिकाबाट १३ हजार ६७८, मध्य पूर्वी मुलुकबाट एक हजार ८०२, अफ्रिकाबाट ४१२ र अन्य मुलुकबाट छ हजार २६९ पर्यटक भित्रिएको बोर्डले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख छ ।

सन् २०२५ को जनवरीदेखि नोभेम्बरसम्म १० लाख ६० हजार २६९ पर्यटक भित्रिएका छन् । यस वर्षको अक्टोबर महिनामा मात्रै एक लाख २८ हजार ४४३ जना पर्यटकले नेपाल भ्रमण गरेका थिए ।

यो महिनालाई मुख्य पर्यटकीय याम मानिन्छ ।

सन् २०२५ को सेप्टेम्बरमा ७८ हजार विदेशी पर्यटक नेपाल भित्रिएका थिए भने अगष्टमा ८८ हजार ६८० पर्यटक नेपाल भित्रिएका थिए ।

# दाङमा ४७१ जना एचआइभी सङ्क्रमितले सेवा लिँदै

देउखुरी (दाङ) । दाङमा ४७१ जना एचआइभी एड्सका बिरामीले उपचार गराइरहेका छन् । ३८औँ विश्व एड्स दिवस २०२५ का अवसरमा स्वास्थ्य कार्यालय दाङको आयोजनामा तथा नेपाल परिवार नियोजन सङ्घ दाङ शाखा, दाङ प्लस, नागार्जुन डेभलपमेन्ट कम्युनिटी, घोराही उपमहानगरपालिका र सुरक्षित आप्रवासन कार्यक्रम (सामी) को सहआयोजनामा भएको सचेतनासम्बन्धी कार्यक्रमका उक्त जानकारी दिइएको छ ।

कार्यक्रममा सहभागीले एचआइभी एड्सको सङ्क्रमणबाट बच्नका लागि स्वास्थ्य सचेतनासँगै सावधानी आवश्यक रहेकोमा जोड दिइएको थियो । नेपाल परिवार नियोजन सङ्घ दाङ शाखाका प्रबन्धक वसन्त खनालले जिल्लामा हाल ४७१ जना एचआइभी सङ्क्रमितले उपचार सेवामा लिइरहेको बताए । जसमा २२७ पुरुष, २३६ महिला, आठ जना यौनिक अल्पसंख्यक र १८ बालबालिका उनको भनाइ छ ।

जिल्लामा एआरटी सेवा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही र राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमार्फत् सेवा दिइँदै आइएको छ । स्वास्थ्य कार्यालय दाङ, स्थानीय तह र समुदायमा आधारित स्वास्थ्य संस्थाहरुले समुदायमै पुगेर परीक्षण, परामर्श, जोखिम पहिचान, कण्डम वितरण, सुई/सिरिञ्ज कार्यक्रम, स्वास्थ्य शिक्षा तथा व्यवहार परिवर्तनसम्बन्धी कार्यक्रम निरन्तर सञ्चालन गर्दै आइएको छ ।

स्वास्थ्य कार्यालय दाङका निमित्त प्रमुख मेघराज आचार्यले यससम्बन्धी सचेतना कार्यक्रम आयोजना गरिएको बताए । घोराही उपमहानगरपालिका, स्वास्थ्य शाखा प्रमुख राधा पौडेल, स्वास्थ्य कार्यालयका कुन्दन ठाकुरलगायतले एचआइभी रोकथामका लागि सबै सचेत हुनुपर्नेमा जोड दिएकका थिए ।

### बसन्तपुरको...

दशकौं वर्षसम्म सुनसान पाल्पाको बसन्तपुर केवलकार सञ्चालनमा आएपछि गुल्जार भएको तिनाउ गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठले बताए ।

बसन्तपुरमा जीपलाइन, स्काई साइक्लिङ, ज्वायन्ट स्वीङ ( आधुनिक पिङ), बाल उद्यान, भ्यू प्वाइन्ट, रेष्टुंरा, सेमिनार हललगायत पर्यटकीय संरचना बनेकाले पर्यटकलाई दिनभर घुम्ने र रमाउने वातावरण बनेको छ ।

केवलकारले जन्मदिनमा निःशुल्क यात्रा, हरेक महिनाको १ गते साँझ महाआरती अफर, ५० जनाभन्दा बढी समूहमा आउनेलाई विशेष छुट अफर लगायत विभिन्न संघसंस्थासँग टिकट दरमा छुटको सम्झौता गरी बजार प्रवर्धन गरिरहेको अपरेसन म्यानेजर सैंजूले बताए ।

बसन्तपुरमा तराईका ठाउँभन्दा ७ देखि १० डिग्री सेल्सियस कम तापक्रम हुने भएकाले गर्मी मौसममा शीतल र जाडो याममा घाम लागेर न्यानो हुने भएकाले पर्यटकको लागि रोजाइको थलो बनेको म्यानेजर घिमिरेले बताए ।

धार्मिक र पर्यटकीय पूर्वाधार, जुनसुकै ऋतुमा अनुकुल मौसम,बजारको कोलाहल र प्रदूषणबाट मुक्त स्वच्छ, शान्त वातावरणका कारण बसन्तपुर नेपालीको मात्र नभई भारत उत्तर प्रदेशका पर्यटकको पनि रोजाईको थलो बनेको घिमिरेले बताए ।

केवलकारले पाल्पा तिनाउ -३ र बुटवल वडा नं. ३ का बासिन्दालाई टिकटमा ५० प्रतिशत छुट तथा प्रतिटिकट दुई पालिकालाई एक-एक प्रतिशत रकम कर वापत दिएको छ ।

अष्ट्रियाको विश्व विख्यात डुपलमायर कम्पनीबाट बनेको लुम्बिनी केवलकार २ किलोमिटर ६ सय मिटर लामो रहेको छ । २५ वटा गोन्डला रहेको केवलकारले दैनिक ६ हजार पर्यटक आवतजावत गराउन सक्छ ।

विश्वका विभिन्न देशमा सय वर्षदेखि १५ हजार बढी संख्यामा सञ्चालनमा रहेको यो केवलकारको प्रविधि विश्वमै अत्याधुनिक र सुरक्षित रहेको अपरेसन म्यानेजर डीएन कायस्थ सैंजू बताउँछन् ।

केवलकार सञ्चालनमा आएपछि प्रदेश सरकारको पर्यटन विकास परिषद्ले बसन्तपुरलाई प्रमुख पर्यटकीय थलको सूचीमा सूचीकृत गरेको परिषद्का प्रमुख रामु जोशीले बताए ।

केवलकार र पाँचतारे होटेलसहित कुल लागत ५ अर्ब रुपैयाँ लागतको आयोजनाअन्तर्गत दुई वर्षभित्र साढे तीन अर्ब लगानीमा बसन्तपुरमा एकसय ५० कोठा, एक हजार जना क्षमताको बैंक्वेट हल, क्यासिनोसहित पाँचतारे होटेल बनाउने प्रकृया अघि बढेको छ ।

### एमालेको...

एमालेको महाधिवेशन लक्षित हमला, फाइरिङ्ग चलिरहेको बताउँदै सबै क्षेप्यास्त्रहरुलाई निस्तेज पार्ने क्षमता पार्टीपंक्तीसँग रहेको उनले बताए। बाह्य आक्रमण व्यापक पारिएको बेला पार्टीले आन्तरिक एकता र समझदारीको आधारमा त्यसको सामना गर्ने कोसिस गर्ने र नेतृत्वलाई घेराबन्दी गर्ने कुरा बाहिर र भित्रबाट पनि चलिरहने उनले जनाए ।

अहिले पार्टीको पक्षमा बोल्ने औंलामा गनिने गरेका छन्, मौनयात्रीका कारण पार्टीलाई अगाडि बढाउन सहज नहुने भन्दै यस्तो अवस्थामा पार्टीप्रति प्रतिबद्ध, क्रियाशील र सक्रिय नेतृत्व आवश्यक रहेको उनले बताए ।

जितेपछि क्यावात हारेपछि मुर्दावाद गर्न नहुने भन्दै उनले पार्टी नेता प्रधान नभई नीति प्रधान रहेको दाबी गरे ।

## मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## चोरमारा, नवलपरासी(बर्दघाट सुस्ता पूर्व)
## गण्डकी प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशन मिति २०८२/०८/१६**

उपरोक्त विषयमा यस कार्यालयबाट आह्वान गरिएको Madhyabindu-8 Chaurangi Dekhi Harabastar Dharapani Hudai Bahunikuna Sadak Istharuantti,Contract No :01/NCB/MB/WORKS/2082/83 का लागि परेका ६ वटा प्रस्तावहरुमध्ये तपशिल बमोजिमका बोलपत्र दाताहरुको प्राविधिक प्रस्ताव प्राविधिक मूल्याकनमा उत्तिर्ण भएकोले निजहरुले पेश गरेको आर्थिक प्रस्ताव सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ज ( ५ ) बमोजिम मिति २०८२/०८/२३ गते दिनको १ :०० बजे यस कार्यालयमा खोलिने भएकोले उक्त कार्यमा उपस्थित हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

| S.N. | Bidders Name | Address |
|---|---|---|
| 1 | RamaniyaRubi Valley Construction Pvt.Ltd. | Nepaltar, Kathmandu |
| 2 | Royal Nirman Sewa | Dillibazar, Kathmandu |
| 3 | Smrat-Rishika-GDS J.V | Khairahani, Chitwan |
| 4 | Parasi-Shivashakti J.V | Devchuli, Nawalparasi East |
| 5 | Bhawani National Builders Pvt.Ltd. | Bharatpur, Chitwan |
| 6 | Narayan-Ravi J.V. | Butwal, Rupandehi |

प्रमुख प्रशासकीय अधिकृत

### माइग्रेसन सर्टिफिकेट हराएको सूचना

मेरो निम्न विवरण भएको कक्षा १२ को माइग्रेसन सर्टिफिकेट यही मिति २०८२।०७। १० गते मणिग्रामबाट बुटवलतर्फ आउँदै गर्दा हराएकोले भेटाउनु भएमा निम्न ठेगानामा खबर गरिदिनुहुन वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध गर्दछु ।

नामः अर्चना भुसाल
ठेगानाः तिलोत्तमा-४, रुपन्देही
नम्बरः २४९०६२८७
फोनः ९८४२२९४५५०

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्धारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**स्वास्थ्य सामग्री वितरणः**

विश्व एड्स दिवसका अवसरमा स्वास्थ्य कार्यालय दाङले सोमबार घोराहीमा आयोजना गरेको स्वास्थ्य सूचना-शिक्षा सामग्री प्रदर्शनीमा सर्वसाधारणलाई सूचना दिँदै कण्डम वितरण गरिँदै । प्रदर्शनीमा एचआइभी/एड्स प्रतिरोधन, जनस्वास्थ्य, सुरक्षित मातृत्व, परिवार नियोजनलगायत विषयका जानकारीमूलक सामग्री प्रदर्शन गरिएको थियो । तस्विरः कुलदीप न्यौपाने/रासस

# फागुन २१ मै चुनाव हुन्छ : मन्त्री घिसिङ



बुटवल । ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र शहरी विकासमन्त्री कुलमान घिसिङले निर्धारित मितिमै निर्वाचन सम्पन्न हुने र यसमा कुनै शंका गर्नु नपर्ने बताएका छन् ।

बेलबारी नगरपालिकास्थित आदिवासी जनजाति भवनमा आयोजित अन्तरक्रियामा उनले जेनजी आन्दोलनपछि बनेको अन्तरिम सरकारको मूल दायित्व तत्काल समस्या समाधान गर्दै निर्वाचनको वातावरण बनाउनु रहेको बताए ।

'हामीसँग बजेटको समस्या छैन, चुनाव गराउन कुनै आर्थिक संकट छैन । यो सरकारको मुख्य भूमिका नै २१ फागुनको चुनाव सम्पन्न गरेर देशलाई स्थायित्व दिनु हो ।' -उनले भने ।

राष्ट्र निर्माणको वास्तविक आधार मानिसको सोंच, चरित्र र क्षमता भएको उनको धारणा थियो ।

उनले राजनीतिक नेतृत्वबारे टिप्पणी गर्दै भने-'सही समयमा सही व्यक्ति प्रधानमन्त्री नभएसम्म देश चल्दैन, ७५ वर्षको अनुभवले देखायो राजनीतिक परिवर्तनले मात्र देश बन्दैन रहेछ ।

उनले अगामी निर्वाचन ठूलो अवसर भएकाले जनताले सही नेतृत्व छान्न आग्रहसमेत गरे ।

# लैंगिक हिंसाविरुद्ध १६ दिने अभियानमा अन्तर्क्रिया



बुटवल । लैंगिक हिंसाविरुद्ध १६ दिने अभियान-२०८१ को अवसरमा बुटवल उप-महानगरपालिकामा अन्तरपुस्ता अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । "प्रविधिको सही प्रयोग गरौँ, लैंगिक हिंसा अन्त्य गरौँ" भन्ने मूल नाराका साथ आयोजित कार्यक्रममा प्रविधि, लैंगिक हिंसा, सामाजिक संरचना र भविष्यका पुस्ताको भूमिकाबारे बहस भएको थियो ।

कार्यक्रमको स्वागत मानवअधिकारका लागि महिला-एकल महिला समूहकी अध्यक्ष रीता सेनले गर्दै, लैंगिक हिंसा प्रतिरोधमा सामुदायिक एकताको आवश्यकता औंल्याइन् ।

प्रमुख अतिथि सावित्रा अर्यालले महिलाको अधिकार सुनिश्चित भएको समाजमै सु-शासन सम्भव हुने उल्लेख गर्दै, "महिलाको नेतृत्वले समाजलाई दीगो रूपान्तरणतर्फ लैजान सक्छ ।"-उनले भनिन् । उनले स्थानीय तहमा महिला नेतृत्व बढ्दो अवस्थालाई सकारात्मक संकेतका रूपमा उल्लेख गर्दै आगामी निर्वाचनमा महिला प्रमुख, उप-प्रमुख तथा प्रशासनिक पदहरूमा अझ सक्रिय र सुनिश्चित सहभागिताको आवश्यकता रहेको बताइन् ।

कार्यक्रममा वक्ता तुल्सा अर्याल र लैङ्गिक फोकल पर्सन जमुना भण्डारीले नीति निर्माणदेखि व्यवहारिक कार्यान्वयनसम्म अझै सुधारको खाँचो रहेको टिप्पणी गरे ।

कान्ति मावि कक्षा-१२ की एक छात्राले आफ्नो पुस्ताले देखिरहेको सामाजिक परिवर्तन र लैंगिक हिंसाविरुद्ध सशक्त रूपमा आवाज उठाउने हिम्मतको आवश्यकता रहेकोमा जोड दिइन ।

सञ्चारिका समूह लुम्बिनी प्रदेशकी अध्यक्ष अमृता अनमोलले प्रविधिको सुरक्षित र सकारात्मक प्रयोग तथा डिजिटल प्लेटफर्ममा युवाहरूको भूमिकाबारे प्रस्तुति दिँदै, प्रविधिलाई सुरक्षित रूपमा उपयोग गर्न सके मात्र लैंगिक हिंसाका नयाँ स्वरूपहरू रोक्न सकिने बताइन् ।

वक्ताहरूले नेपालमा सामाजिक रूपान्तरणको यात्रामा एकल महिलाहरूको योगदान उल्लेखनीय रहेको, उनीहरूको संघर्ष, आत्मनिर्भरता र नेतृत्वले समुदायमा प्रेरणा थपिरहेको बताएका थिए ।

कार्यक्रम मानवअधिकारका लागि महिला-एकल महिला समूह रूपन्देहीको आयोजनामा तथा क्रुवे वुस्ट्रो को सहयोगमा सम्पन्न भएको हो ।

### अन्तरविद्यालय क्रिकेटः

# शान्ति नमूना र मणिमुकुन्दलाई सफलता



भैरहवा । रुपन्देहीको भैरहवामा जारी १२औं संस्करणको स्वर्गीय शेरबहादुर सेन्चुरी स्मृति अन्तरविद्यालय टी-२० क्रिकेट प्रतियोगिताअन्तर्गत सोमबार भएको दुई खेलमा शान्ति नमूना मावि र मणिमुकुन्द सेकन्डरी स्कूल विजयी भएका छन् । शान्ति नमूनाले लुम्बिनी वर्ल्ड स्कूलमाथि ९ विकेट र मणिमुकुन्दले श्री शतिया इङ्गलिस बोर्डिङ् स्कूलमाथि १० विकेटको जित दर्ता गरेका हुन् ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको लुम्बिनी वर्ल्डले निर्धारित २० ओभरमा १९ ओभर १ बल खेल्दै सबै विकेट गुमाएर जम्मा ७७ रन बनायो । उसका लागि अजान जय मक्काले ३२ र अनभेष रौनियारले १० रन बनाउनु बाहके अन्य खेलाडीले दोहोरो अंकमा रन बटुल्न सकेनन् । उसलाई सस्तैमा रोक्न शान्ति नमूनाका रुद्रान्श भट्टराईले ४, नितिषकुमार ठाकुर र सफल पाठकले २-२ तथा प्रमोद न्यौपाने र दिवस अर्यालले समान १-१ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको शान्ति नमूनाले ११ ओभर ३ बलमा १ विकेटको नोक्सानीमा ८१ रन बनाउँदै सहज जित निकाल्यो । उसको जितमा रुद्रान्श भट्टराईले अविजित ४१ र सुशान्त सुवेदीले नटआउट २० रन बनाए । बलिङमा लुम्बिनी वर्ल्डका करण पोखरेलले १ विकेट लिए । खेलमा शान्ति नमूनाका रुद्रान्श भट्टराई प्लेयर अफ द म्याच भई पाँच सय रुपैयाँ प्राप्त गरे ।

यस्तै, अर्को खेलमा टस जितेर ब्याटिङ गरेको शतिया स्कूल १० ओभर ३ बलमा अलआउट हुँदै ५२ रनमै समेटियो । उसलाई सस्तैमा रोक्न मणिमुकुन्दका अर्पण तिमिल्सिनाले ४ ओभर बलिङ गर्दै १८ रन खर्चेर ६ विकेट लिए । यस्तै, सुगम केसीले ३ र मिलन चापागाईंले १ विकेट हात पारे । शतिया स्कूलका कुनै पनि खेलाडीले दोहोरो अंकमा रन बटुल्न सकेनन् ।

५३ रनको सामान्य लक्ष्य पछ्याएको मणिमुकन्दले ५ ओभर २ बलमा लक्ष्य भेट्टाउँदै जित निकाल्यो । उसको जितमा अर्पण तिमिल्सिनाले अविजित १८ र विराट नेपालीले नटआउट १४ रनको योगदान गरे । खेलमा मणिमुकुन्दका अर्पण प्लेयर अफ द म्याच भई पाँच सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देहीका ३० वटा विद्यालयको सहभागिता रहेको प्रतियोगिताको विजेता टिमले नगद ५० हजार र उपविजेताले २५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने खेल संयोजक उदयकुमार मल्लिकले जानकारी दिए । यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेष्ट बलर र बेष्ट ब्याटरले समान ५-५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले ५ सय रुपैयाँ र अनुसाशित टिमलाई पनि पुरस्कृत गरिने आयोजकले जनाएका छन् । प्रतियोगिता पुस १ गतेसम्म चल्ने छ । प्रतियोगितालाई पर्वत ज्वेलर्स भैरहवाले प्रायोजन गरेको छ ।

# जसपाद्वारा विरोध सभा




बुटवल । जनता समाजवादी पार्टी नेपाल रुपन्देही क्षेत्र नं. २ ले बुटवल वडा नं.९ मिलनचोकमा विरोध तथा कोणसभा गरेको छ ।

बुटवल नगर समिति उपाध्यक्ष पार्वती बि.क.को अध्यक्षता तथा जसपा नेपालका केन्द्रीय सदस्य सावित्रा बि.क.को प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा जसपा नेपालका केन्द्रीय सदस्य निलम यादव, जसपा नेपालका रुपन्देही जिल्ला अध्यक्ष सिया राम यादव, जिल्ला सचिव विष्णु अधिकारी, सह-सचिव तथा बुटवल उप-महानगरपालिका सदस्य सुनिता खड्लुक तथा नगर सचिव तेजु रानामगरलगायतले समसामयिक विषयमा बोलेका थिए ।

उक्त कार्यक्रममा जेनजीले गरेको भ्रष्टाचारविरुद्धको आन्दोलनबाट बनेको सरकारले अझैसम्म पनि भ्रष्टाचारीहरुलाई कानुनी दायरामा ल्याउनुको सट्टा उल्टै संरक्षण गरेको भन्दै सबै वक्ताहरुले तत्काल कारबाही गर्न माग गरेका थिए ।

# कांग्रेस-कम्युनिष्ट मिलेर देश ध्वस्त बनाए : उपेन्द्र

बुटवल । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले कांग्रेस-कम्युनिस्ट मिलेर मुलुकलाई ध्वस्त बनाएको आरोप लगाएका छन् । पार्टी निकट समाजवादी युवा संघ नेपालको केन्द्रीय समितिको पहिलो बैठकलाई सोमबार ललितपुरमा सम्बोधन गर्दै उनले यस्तो आरोप लगाएका हुन् । उनले गत ३५ वर्षसम्म कांग्रेस र कम्युनिस्ट शक्तिले मुलुकको शासन सञ्चालन गरे पनि शिक्षा, स्वास्थ्य तथा रोजगारीजस्ता क्षेत्रमा राज्यले अपेक्षित उपलब्धि हासिल गर्न नसकेको बताए ।

उनले मुलुकमा भ्रष्टाचार, अराजकता र कमिशनतन्त्र मौलाउँदै गएको गएको भन्दै त्यसकाविरुद्ध युवाहरू विद्रोहमा उत्रिएको जनाए ।

उनले भने-'अहिले मुलुकको राजनीति अत्यन्त संकटमा छ । नेपालमा बुहदल व्यवस्था आइसकेपछि करिब ३५ वर्षसम्म कांग्रेस-कम्युनिस्टले शासन गरे । अरूले केही मन्त्रालय अथवा सहयोगी भूमिका निभाए । आज मुलुक शिक्षाको क्षेत्रका हिसाबले ध्वस्त भयो । स्वास्थ्यको क्षेत्रमा पनि त्यस्तै छ । युवाहरूलाई राम्रो शिक्षा र रोजगारी समेत दिन सकेनौ । ३५ वर्ष कम्युनिस्ट-कांग्रेसहरूको शासनमा गुणस्तरीय शिक्षा र रोजगारीको व्यवस्था पनि हुन सकेन । मुलुकमा भ्रष्टाचार, अराजकता, कमिशनतन्त्र बढेर गयो । जसको परिणाम युवाहरूले विद्रोह गरे । अब फेरि ती शक्तिहरूले केही गर्न सक्नेवाला छैनन् ।'

फेरि पनि पुरानै राजनीतिक शक्तिहरूबाट मुलुकले निकास पाउन नसक्ने उनको तर्क छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

# तिलोत्तमामा स्थायी मेलास्थलको माग



तिलोत्तमा । रुपन्देहीको तिलोत्तमास्थित मणिग्राममा ८औं तिलोत्तमा राष्ट्रिय औद्योगिक व्यापार मेला, कृषि, पर्यटन महोत्सव २०८२ सोमबारदेखि सुरु भएको छ ।

महोत्सवको उद्घाटन गर्दै तिलोत्तमा नगरपालिकाका नगरप्रमुख रामकृष्ण खाँणले यो महोत्सव स्वदेशी उत्पादनलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन र प्रचारप्रसार गर्न उपयुक्त अवसर भएको चर्चा गरे । यो अवसरलाई साना ठूला सबै उद्योगी व्यवसायीले सदुपयोग गर्नुपर्ने उनको भनाइ छ ।

मेलाले स्थानीय कलाकारलाई समेत आफ्नो प्रतिभा बढाउने अवसर सृजना गरेको भन्दै मेला सफल पार्न तिलोत्तमाका सबै संघ संस्था, राजनीतिक दल तथा सबै सरोकारवालाले सहयोग गर्नुपर्नेमा उनले जोड दिए ।

कार्यक्रममा नगरपालिकाका उप-प्रमुख जागेश्वरीदेवी चौधरीले स्थानीय उद्योगी व्यवसायीको व्यवसायिक उन्नतिको लागि महोत्सवले सघाउने विश्वास व्यक्त गरिन् । उनले तिलोत्तमा क्षेत्रमा स्थायी प्रकारको मेलास्थल निर्माणको आवश्यकता रहेको औंल्याइन् ।

कार्यक्रममा बोल्दै महोत्सव आयोजक संस्था तिलोत्तमा उद्योग व्यापार संगठनका अध्यक्ष तथा मेला मूल आयोजक समितिका संयोजक प्रेम जीएमले तिलोत्तमामा स्थायी प्रकारको मेला स्थल अति आवश्यक रहेको भन्दै यसको लागि नगरपालिकाले मुख्य पहल गर्नुपर्नेमा जोड दिए । संगठनले साना उद्योगी व्यवसायीलाई पनि साथमा लिएर मेला महोत्सव गर्ने गरेको उनको भनाइ छ ।

कार्यक्रममा नेपाली कांग्रेस तिलोत्तमाका अध्यक्ष हरिलाल पाण्डे, एमाले अध्यक्ष मीनप्रसाद पोखरेल, तिलोत्तमा उद्योग वाणिज्य संघका अध्यक्ष ज्ञानेन्द्र कार्की, उद्योग व्यापार संघ बुटवलका उपाध्यक्ष पदम जीसी, संगठनका उपाध्यक्ष भूपति न्यौपानेलगायतले बोल्दै मेला सफल पार्न सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्ने बताएका थिए ।

उद्घाटन कार्यक्रमअघि सचेतना र्‍यालीमा सहभागी समूहमध्ये उत्कृष्टलाई पुरस्कृत गरिएको छ । पहिलो हुने नेपाल मगर संघ तिलोत्तमा, दास्रो लुम्बिनी एफएम टोल आमा समूह, तेस्रो नमूना टोल आमा समूह, चौंथो कुन्ज टोल समूह र सान्त्वना जापनिज कराँते डो को समूह नगदसहित पुरस्कृत भएको र्‍याली व्यवस्थापन उप-समिति संयोजक पवित्रा पौडेलले जानकारी दिइन् ।

महोत्सव पुस १ गतेसम्म चल्ने छ ।

सोमबारै बिहान ८ बजेदेखि दिउँसो १ बजेसम्म मेलास्थमा रक्तदान समेत गरिएको थियो । कार्यक्रम संयोजक नितेश सिलवालका अनुसार एक सय १० जनाले रक्तदान गरेका थिए ।

महोत्सवको आकर्षणको रुपमा लण्डन ब्रिजको नमूनामा गेट निर्माण गरिएको छ । त्यस्तै जलपरी, कश्मिर भ्याली, आइफिल टावर, बालउद्यानलगायतका संरचना निर्माण गरिएको छ ।

महोत्सवको लागि तीन सय स्टलहरु सहभागी गराइएको छ । महोत्सवमा आधुनिक प्रविधिबाट गरिने कृषि, पर्यटन, गार्मेन्ट, महिला उद्यमीका उत्पादनलगायत सामग्री समेटिएका स्टलहरु सहभागी गराइएको छ ।

**रक्तदान जीवनदान ।**

- रगतको अभावले बर्षेनी हजारौं मानिसको ज्यान जान सक्छ,
- रगत बनाउन वा किन्न मिल्ने वस्तु होईन,
- रगत स्वस्थ मानिसबाट दान स्वरुप प्राप्त हुने वस्तु हो,

**रक्तदाताले:**

- रक्तदान गर्नु अघि हल्का खाना र प्रशस्त पानी पिउनु पर्छ,
- अत्याधिक थकान, ज्वरो, र कुनै प्रकारको संक्रमण भए रक्तदान गर्नु हुँदैन,
- ३-४ महिनामा एक पटक रक्तदान गर्न सकिन्छ,
- रक्तदानपश्चात् केही समय विश्राम गर्नु र पौष्टिक खाना खानु पर्छ,
- रक्तदान गर्नुअघि र पछि चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्छ,
- मासिक धर्म, गर्भावस्था वा सुत्केरी महिलाले रक्तदान गर्नु हुँदैन,
- १८ देखि ६० वर्षका स्वस्थ व्यक्तिले मात्र रक्तदान गर्नुपर्छ,
- रक्तदानले स्वास्थ्यमा कुनै असर पार्दैन, बरु यसले नयाँ रक्तकोष निर्माणमा सहयोग गर्छ ।

रगतबाट मानिसको ज्यान जोगाउन सकिने हुँदा रक्तदान महादान हो ।

नेपाल सरकार विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com